आज मिति २०७६ श्रावण १४ गते मंगलबार दिनको २:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७७ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. लेखा अधिकृत श्री गणेश गुरुङ
२. अधिकृत सातौं श्री नुमानन्द दमासे

मिति २०७६/४/१३ गते नगर प्रमुखज्यूबाट मिति २०७६/४/१४ गते नगर कार्यपालिकाको ७७ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु ।

**तपसिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | आ.ब.०७६/०७७ को दररेट सम्बन्धमा । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को व्यवस्था तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन) को नियम १४८ अनुसार | • आ.ब.०७६/०७७ को दररेट सम्बन्धमा तपसिल बमोजिम दररेट निर्धारण सिफारिस समिति गठन गर्ने तथा उक्त समितिले ७ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन सहितको सिफारिस गर्ने निर्णय गरियो ।<br>– नगर प्रमुख (संयोजक)<br>– प्रमुख प्रशासकीय अधिकृत (सदस्य)<br>– आर्थिक प्रशासन प्रमुख (सदस्य)<br>– स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि (सदस्य)<br>– स्थानीय निर्माण व्यवसायी महासंघको प्रतिनिधि (सदस्य)<br>– पूर्वाधार विकास तथा बातावरण शाखाको प्रमुख (ईन्जिनियर) (सदस्य सचिव) |
| २. | विपद् (बाढी, पहिरो) बाट भएको क्षतिको यकिन सम्बन्धमा । | | • संघको कार्य जिम्मेवारीमा परेको संघलाई र प्रदेशको जिम्मेवारीमा परेकोलाई प्रदेशमा संवोधन गर्नका लागी नगरपालिकाबाट संवोधन गर्ने निर्णय गरियो ।<br>• हालसम्म वितरण गरेको राहतको विवरण अनुमोदन गर्ने निर्णय गरियो । |
| ३. | आ.ब.०७६/०७७ को बजेट कार्यान्वयन कार्ययोजना सम्बन्धमा । | | • आ.ब. ०७६/०७७ को बजेट कार्यान्वयन कार्य योजना तथा कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो । |
| ४. | विविध । | | • आर्थिक ऐन २०७६ को अनुसूची २ सि.नं. ३ मा १ रोपनी भन्दा कम क्षेत्रफल भएको जग्गाको (एकमुष्ठ रु. ७५।— गत आ.ब. मा भएकोमा) हाल प्रति आनाको रु. ६।— भएको हुँदा एकमुष्ठ रु. ७५।— कायम गर्ने निर्णय गरियो।<br>– आर्थिक ऐन २०७६ को अनुसूची २ मा जरीवाना सम्बन्धमा चालु आ.ब. भित्र मालपोत नतिरेमा पहिलो वर्षको लागी २० प्रतिशत, दोश्रो वर्ष देखि प्रति वर्ष ५ प्रतिशतका दरले |

| | | | |
|---|---|---|---|
| | | | वृद्धि गरिने र १६ वर्षपछि शत प्रतिशत जरिवाना असुल उपर गरिने ।<br>• विदेश भ्रमणको सम्बन्धमा<br>- मित्र राष्ट्र चीनसँगको निमन्त्रणामा मित्र राष्ट्र चीन र नेपाल बिच आर्थीक तथा व्यापारीक सम्बन्धको लागी **MOU** गर्ने अधिकार उप-प्रमुख बसन्ती तामाङ डंगोल र नगर सदस्य मोहन खड्कालाई पठाउने तथा उक्त भ्रमणमा लाग्ने खर्च प्रदेशको नियम तथा मापदण्ड अनुसार नगरपालिकाबाट लेख्ने गरी स्वीकृतीको लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरीयो ।<br>- मित्र राष्ट्र जापानको राजधानी टोकियोमा आयोजित **14th International FSA Kenshinkan** कराते प्रतीयोगीतामा भाग लिई दोस्रो स्थान सहित रजत पदक हासील गर्न सफल खेलाडी दिनेश ताम्राकारलाई बधाई सहित सबै जन-प्रतिनिधिहरुको उपस्थितिमा फर्पिङ बजार परिक्रमा गरी सम्मान गर्ने निर्णय गरियो ।<br>• इन्धन सुविधा सम्बन्धी कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरीयो । |